लेखापरीक्षण प्रतिवेदन

गंगादेव गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

गंगादेव गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/73

मिति : २०८३-१-२९

श्रीमान् अध्यक्षज्यू,
गंगादेव गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/73

श्रीमान् अध्यक्षज्यू,
गंगादेव गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२.कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१.महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा गाउँपालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ रु.१ अर्ब १ करोड ४१ लाख ६७ हजार लेखापरीक्षणबाट रु.१ करोड १८ लाख १५ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.४ लाख ६१ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.४ लाख ८९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६९ लाख ७ हजार र नियमित गर्नुपर्ने रु.३९ लाख ५७ हजार गरी जम्मा रु.१ करोड १३ लाख ५४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.३५ करोड ३४ लाख ७५ हजारमध्ये रु.२१ लाख ७ हजार सम्परीक्षण भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु.३६ करोड २७ लाख ९८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा - लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४.वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। **गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गंगादेव गाउँपालिकाको** वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा

सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४०	१३५	१,१८,१५,९५५	०	९३	४,६१,२३०	०	४०	४२	१,१३,५४,७२५	४,८९,३०८	३९,५७,५३४	६९,०७,८८३	०	०	१,०८,६५,४१७	०

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रोल्पा	३५,३४,७५,१०२	०	२१,०७,८४९	३५,१३,६७,२५३	७६,५००	१,१३,५४,७२५	३६,२७,९८,४७८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
यस वर्षको प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	३२.६,३२.७	शिक्षा तर्फ	२,४८,३७८
२	२०८१/८२	२९	विज्ञापन बोर्डको कोष खाता	१०,९७७
३	२०८१/८२	२७	गाउँसभा बैठक भत्ता	२,०१,८७५
जम्मा				**४,६१,२३०**
गत विगत आर्थिक वर्षको सम्परीक्षण				

४	२०७७/७८	८२	बैठक भत्ता खर्च	२,५२,४५०
५	२०७७/७८	९१.८	आयको अनुमान	७,४१,२१२
६	२०७५/७६	२८	अनुपातिक कट्टी नगरी बढी भुक्तानी	१,७६,४००
७	२०७४/७५	१४	विल भरपाई भन्दा बढी भुक्तानी	३१,३५०
८	२०७३/७४	३४(१३)	पेश्की फस्र्यौट	९,०६,४३७
जम्मा				**२१,०७,८४९**
कुलजम्मा				**२५,६९,०७९**

गंगादेव गाउँपालिका, रोल्पा

(८०५५४५०७३००)

सुकिदह गाउँपालिका , रोल्पा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ७ वडा रहेका छन् भने क्षेत्रफल १२४.३८ वर्ग किलोमिटर तथा २१५०३ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।४ देखि २०८२।५।५ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फ रु.१ अर्व १ करोड ४१ लाख ६७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७४८२८ असुल भई दाखिला प्रमाण पेश भएको छ।

सि.नं	**बिवरण**	**रकम रु.**
१	पारिश्रमिक कर दाखिला	३०३६
२	बढी भुक्तानी दाखिला	२४६१७
३	अग्रीम कर दाखिला	४७१७५

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तीय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचीमा सम्लग्न गरिएको छ।

प्राप्ति			भुक्तानी		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		**५६०८५४८२.४४**	**चालु खर्च**		**२९०९७३२५५.४**
१.संचित कोष	५१७६५०३७.०४		१. पालिका तर्फ	१२६०३३५९५.७	
२.धरौटी	४१५८१६६		२. संघीय सशर्त	१५३८५८०७१.७	
३.कार्यसञ्चालन कोष	६२२७९.४		३. संघीय विशेष	१०३२५७५९	
४. अन्य कोष	१०००००		४. प्रदेश सशर्त	७५५८२९	
यस वर्षको आय		**३१९३८२१.२२**	५. प्रदेश विशेष	०	
१.आन्तरिक आय	३१९३८२१.२२		**पुँजीगत खर्च**		**१०७४९०७४७**
२. वित्तीय हस्तान्तरण (संघ)		**३७६५९२४९३.३४**	१. पालिका तर्फ	७००७१८६५	
क) समानीकरण अनुदान	७६६१९६००		२. संघीय सशर्त	२७६५९७९१	
ख) राजस्व बाँडफाँट	८१९९६८९३.३४		३. संघीय विशेष	०	
ग) सशर्त अनुदान	२०५४७६०००		४. संघीय समपुरक	०	
घ) समपुरक अनुदान	०		५. प्रदेश सशर्त	७१२८९९१	
ङ) विशेष अनुदान	१२५०००००		६. प्रदेश विशेष		
च) रोयल्टी	०		७. प्रदेश समपुरक	२६३०१००	
छ) अन्य	०		**अन्तर सरकारी अख्तियारी (संघ)**		**८७४३४८३२.३७**
३. वित्तीय हस्तान्तरण (प्रदेश)		**२५७१६४५५.३३**	क) सामाजिक सुरक्षा	८७४३४८३२.३७	
क) समानीकरण अनुदान	५४३६०००		ख) गरिबसँग विशेश्वर कार्यक्रम	०	
ख) राजस्व बाँडफाँट	५५८०४५५.३३		…………..		
ग) सशर्त अनुदान	१०२०००००		**अन्तर सरकारी अख्तियारी (प्रदेश)**	०	
घ) समपुरक अनुदान	४५०००००		**ऋण फिर्ता(साँवा)**	०	
ङ) विशेष अनुदान	०		**ऋणको ब्याज भुक्तानी**	०	
च) रोयल्टी	०		**धरौटी फिर्ता तथा सदर स्याहा**	७२०६१७	**७२०६१७**
छ) अन्य			**कार्यसञ्चालन कोषबाट भएको खर्च**		
४. अन्तर सरकारी अख्तियारी (संघ)		**८७४३४८३२.३७**	**अन्य कोषबाट भएको खर्च**		
क) सामाजिक सुरक्षा	८७४३४८३२.३७		**गैरसरकारी संस्थाबाट**		

			सञ्चालित योजना		
ख) गरिबसँग विशेश्वर कार्यक्रम	०		**अन्य सहयोगमा सञ्चालित योजना**		
…………..			**अन्य खर्च भएमा**		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०		**अनुदान फिर्ता**		
६. ऋण/ वित्तीय व्यवस्था	०		१. संघ तर्फ		**२६१३२३७८.३२**
७. धरौटी आय	३६५६७४६	**३६५६७४६**	क) सशर्त अनुदान	२३९५८१३७.३२	
८. कार्यसञ्चालन कोष आय	०		ख) विशेष अनुदान	२१७४२४१	
९. अन्य कोषको आय	०		ग) समपुरक अनुदान		
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०		२. प्रदेश तर्फ		**४१८५०८०**
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०		**क) सशर्त अनुदान**	२३१५१८०	
१२. अन्यआय भएमा	४३६४९९.८३	**४३६४९९.८३**	ख) विशेष अनुदान	०	
			ग) समपुरक अनुदान	१८६९९००	
			अन्तिम मौज्दात		**३६१७९४२०.४४**
			१. संचित कोषको मौज्दात	२८९२२८४६.०४	
			२. धरौटी	७०९४२९५	
			३. कार्यसञ्चालनकोष	६२२७९.४	
			४. अन्यकोष	१०००००	**०**
जम्मा	**५५३११६३३०.५३**	**५५३११६३३०.५३**	**जम्मा**	**५५३११६३३०.५३**	**५५३११६३३०.५३**

३ वित्तीय विवरण परीक्षण

३.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः-

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही

प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८,७४,३४,८३२। सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

४ **बजेट तथा कार्यक्रम**

४.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

४.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

४.३ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल २०० योजनामा वजेट विनियोजन गरेको छ। कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

क्र.स.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५ लाख देखी २० लाखसम्मका योजना सङ्ख्या	रु.५ लाखभन्दा कमका योजना संख्या
१	पालिकास्तरीय	५४	८	३५	११
२	वडास्तरीय	१४६	२	२६	११८

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ।जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

४.४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका

प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।पालिकाको उपाध्यक्षले मिति २०८१।०३।१० मा रु.४७ करोड ६४ लाख ११ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।३० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

४.५ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष थपघट समेत कार्यापालिकाको निर्णयबाट पुँजीगत तथा चालु शीर्षकका ५२ वटा योजन तथा कार्यक्रममा विनियोजन भएको २ करोड ६५ लाख ३६ हजार घट गरी कूल १२४ वटा योजना तथा कार्यक्रममा रु. ६ करोड ८४ लाख ५२ हजार बजेट थप रकमान्तर गरेको छ। उक्त रकम सुरु बजेट रु.४७ करोड ६४ लाख ११ हजारको तुलनामा १४.३६ प्रतिशत हुन आउछ। यसरी पालिकाले गाउँसभाबाट रकमान्तर हुने तथा आर्थिक वर्षको अन्त्यमा रकमान्तर गर्ने परिपाटी सुधार हुनुपर्दछ।साथै रकमान्तर गरेको रकम मध्ये निम्नानुसार ५ योजनामा रु.२२ लाख ३० हजार खर्च गरेको देखिएन। खर्च नहुने नयाँ योजनामा बजेट रकमान्तर गर्नु उचित देखिएन।

क्र.स.	योजनाको नाम	रकम रु हजारमा
१	सुखा ओडार मोड सुधार तथा पूर्णागाउँ सडक ब्याष्टिङ योजना	५००
२	नेटापरी विद्यालय देखि देवीथाप्लीसम्म मो.बा.निर्माण	५००
३	वडा नं.२ भवन निर्माण	१३०
४	वडा नं. २ को अस्थायी ट्रस्ट निर्माण	६००
५	व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन	५००२
जम्मा		२२३०

४.६ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको बजेट तथा कार्यक्रम अनुसूची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणमा त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

रु.हजारमा

बजेट उपशीर्षक	**कुल खर्च**	**त्रैमासिक खर्च**				**आषाढ महिनाको खर्च**
		प्रथम	**दोस्रो**	**तेश्रो**	**चौथो**	
पुँजीगत खर्चतर्फ	१०७४९०	०	०	९०४८	९८४४२	८३८००
खर्च प्रतिशत	१००	०	०	८.४२	९१.५८	७७.९६

पालिकाको पुँजीगत तर्फ रु. १० करोड ७४ लाख ९० हजार खर्च भएकोमा प्रथम र दोस्रो त्रैमासिकमा खर्च नभएको, तेस्रो त्रैमासिकमा रु.९० लाख ४८ हजार (८.४२ प्रतिशत) र चौथो त्रैमासिकमा रु.९ करोड ८४ लाख ४२ हजार (९१.५८ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. ८ करोड ३८ लाख (७७.९६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

४.७ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा)**
१	आर्थिक विकास	१३९३८	१०३३०	२.५९
२	पूर्वाधार विकास	६०३२५	४३६२३	१०.९५
३	सामाजिक विकास	२३९८३५	२०९१२९	५२.४८
५	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	८१८८	७४१२	१.८६
६	कार्यालय सञ्चालन तथा प्रशासनिक	१५४१२५	१२७९७०	३२.१२
जम्मा	**४७६४११**	**३९८४६४**	१००	

पालिकाले कुल बजेट विनियोजनको तुलनामा ८३.६३ प्रतिशत खर्च गरेको छ। त्यस्तै सभाले विनियोजन गरेको बजेट मध्ये कुल खर्चको तुलनामा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५२.४८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबैभन्दा घटी १.८६ प्रतिशत खर्च गरेको छ। पालिकाले क्षेत्रगत रुपमा सन्तुलन कायम गरी बजेट विनियोजन एवं खर्चको व्यवस्थापन गर्नुपर्दछ।

५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।

• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन।

• पालिकाले सवारी साधन लगबुक तथा भ्रमण अभिलेख खाता व्यवस्था नगरी खर्च गर्ने गरेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।

भ्रमण आदेश स्वीकृत गर्दा स्पष्ट उद्देश्य र प्रयोजन खुलेको नदेखिएको र भ्रमण प्रतिवेदनमा समेत कार्यलयको कामकाज र प्रदेश तथा संघ सरकारसँग योजना माग गर्न गएको जस्ता अस्पष्ट विवरण उल्लेख गर्ने गरेको देखिन्छ। भ्रमण गर्दा निश्चित उद्देश्य सहित कार्यालयको कामसंग सम्बन्धित विषयमा मात्र भ्रमण गर्ने व्यवस्था गर्नुपर्दछ।• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी

ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाम मात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• पालिका भित्रका विद्यालयको अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ।

६ कानुन निर्माण एवं कार्यान्वयन

६.१ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाको विवरण अनुसार हालसम्म १७ वटा ऐन र ४२ वटा नियमावली लगायत ५९ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

६.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष ६ वटा विवाद दर्ता भएकोमा ४ वटा मात्र फर्स्यौट भई २ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

७ संगठन तथा कर्मचारी व्यवस्थापन

७.१ **तलवी प्रतिवेदन** - लुम्बिनी प्रदेश निजामती सेवा ऐन,२०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १८ कर्मचारीको रु १ करोड ४५ लाख ७८ हजार र पालिकाका चालुतर्फ १९ जना कर्मचारीको रु १ करोड ४७ लाख ५९ हजार गरी रु २ करोड ९३ लाख ३७ हजार खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा बढी तलब, भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

७.२ **दरबन्दी तथा पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६२ दरबन्दी स्वीकृत रहेकोमा २८ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत-१,शिक्षा अधिकृत सातौं-१,लेखा अधिकृत-१ ,प्रशासन अधिकृत तथा अहेव लगायत विभिन्न ३४ पद रिक्त रहेको देखिन्छ। रिक्त पदको लोकसेवा आयोगमा माग गरेता पनि पदपूर्ति नभएको पालिकाले जनाएको छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा कार्य सम्पादनमा असर पर्न सक्ने भएकोले स्वीकृत दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापन गरी सेवालाई प्रभावकारी बनाउनुपर्दछ।

८ कर्मचारी प्रोत्साहन भत्ता

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवाको गठन,संचालन,व्यवस्थापन,सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने,दफा ८६(२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०८१ परिच्छेद ७ को बुँदा ४७ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दाको खाजा खाना सम्बन्धी व्यवस्था छ। अतिरिक्त समयमा काम गरे बापत कर्मचारी (प्रोत्साहन तथा पुरस्कार) कार्यविधि,२०८१ तथा कार्यपालिकाको निर्णय बमोजिम प्रोत्सहान वापत रु.१०,००,०००।-खर्च गरेको छ। यस्तो खर्च कुल आन्तरिक आय रु.३६३०३२१ को २७.५४ प्रतिशत छ। यस्तो खर्चलाई पालिकाको आन्तरिक आयका आधारमा निश्चित कार्यसम्पादन सूचक निर्धारण गरी गर्नुपर्दछ।

९ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे परीक्षण गर्न सकिएन। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१० सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ।गाउँपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ।

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
जन्मदर्ता	५३१	५३१
मृत्युदर्ता	१२०	१२०
बसाईसराई दर्ता	८९	८९
विवाह दर्ता	२३०	२३०
सम्बन्धविच्छेद दर्ता	१८	१८

११ इन्धन खर्च

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ परिच्छेद- ७ अनुसार सवारी साधन पाउने पदाधिकारीलाई ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ। पालिकामा मोटरसाइकल-२२ वटा, स्कार्पियो-१ वटा, एम्बुलेन्स-१ वटा र ब्याकहो लोडर-१ लगायतका २५ सवारी साधन सञ्चालन रहेकोमा सवारी साधनको लागि पाउने ईन्धन सुविधा सम्बन्धमा मापदण्ड/कार्यविधि बनाएको छैन। यस वर्ष पालिकाले ईन्धन वापत रु.१२ लाख २० हजार खर्च गरेको छ। इन्धन खर्च गर्दा मापदण्ड बनाई खर्च गर्नुपर्दछ।

१२ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली, २०७७ को नियम ३९ मा सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष विविध खर्चतर्फ कुल आन्तरिक आय रु.३६३०३२१ को तुलनामा करिव ५२.७२ प्रतिशत अर्थात् रु.१९ लाख १४ हजार खाना,खाजा,पानी,चिया तथा विभिन्न कार्यक्रम लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको विल भरपाई पेश भएतापनि कतिपय खर्चका

विलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन। विविध खर्चलाई निश्चित मापदण्डमा आधारित बनाएर खर्चको यथार्थता पुष्टी हुने प्रमाण कागजात संलग्न गरी खर्च गर्नुपर्दछ।

१३ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

रु.हजारमा

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय २०८०।८१	आन्तरिक आय २०८१।८२	आन्तरिक आय प्रतिशत
३७१९९१	२२१२	३६३०	०.९७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९७ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१४ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

क्र.सं	आय विवरण	अनुमान	असुली
१	सम्पति कर	०	४०
२	भुमिकर/मालपोत	६०००००	४४२६९५
३	बहाल कर	२०००००	१६०५१७
४	कृषि तथा पशुजन्य वस्तुको ब्यवसायिक कारोबारमा लाग्ने कर	१००००००	६००
५	अन्य कर	६१००००	१४७२००
६	सरकारी सम्पतिको वहालबाट प्राप्त आय	०	१००७०
७	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	०	९७८३८०
८	न्यायिक दस्तुर	४०००९	१००००
९	परीक्षा शुल्क	०	१७९००
१०	अन्य प्रशासनिक सेवा शुल्क	०	२५८२३७
११	सिफारिस दस्तुर	०	२७४८००
१२	व्यक्तिगत घटना दर्ता दस्तुर	२०००००	२५०६००
१३	नाता प्रमाणित दस्तुर	५००००	९१८५०
१४	अन्य दस्तुर	०	१६७९१०
१५	ब्यवसाय रजिष्ट्रेशन दस्तुर	२०००००	१८०४२५
१६	अन्य क्षेत्रको आय	०	४३६५००
१७	अन्य राजश्व	०	१००००
१८	ब्यवसाय कर	०	४०४
१९	बेरुजु	२५१०००	१९२१९३
जम्मा		३१५१००९	३६३०३२१

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। आय अनुमानको तुलनामा प्राप्ति रकम ११५ प्रतिशत रहेको देखिन्छ। यसले आय अनुमान यथार्थपरक रहेको देखिदैन। आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ। साथै आयको अनुमान गर्दा तथ्य तथ्याङ्कका आधारमा वास्तविक वनाउने तर्फ ध्यान दिनुपर्दछ।

१५ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.४०४ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थपरक रहेको मान्न सक्ने अवस्था छैन। पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१६ **खरिद दाखिला**

महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा PAMS मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा PAMS मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। पालिकाले खरिद गरेको मालसामान PAMS प्रणालीमा प्रबिष्ट गर्ने गरेतापनि वडा कार्यालयबाट खरिद भएका मालसामानहरु PAMS दाखिला गरेको देखिएन। ऐन नियमावलीमा व्यवस्था भए बमोजिम PAMS प्रणालीमा लागु गर्नुपर्दछ।

१७ **कृषि अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि,पशुपन्छी,बालीनाली,मत्स्य आदी सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नता सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकामा ५ वटा कृषक समुह, १६३० कृषक घरधुरी र ७ वटा फामको लागि रु.३३ लाख ७३ हजार खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहीता प्रबर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेवसाइटमा सार्वजनिकरण गर्नुपर्दछ।

क्र.स.	कार्यक्रमको नाम	अनुदानग्राहीको विवरण	अनुदानको प्रतिशत	संख्या	खर्च रकम रु हजारमा
१	सिँचाइ हिल टंकी वितरण	पहल कदमी कृषक समुह	१००	३२	३००
२	सिँचाइ हिल टंकी वितरण	जनजागरण कृषक समुह	१००	३२	२८९
३	सिँचाइ पाइप	फारुला कृषक समुह	७५	२९५० m	४९३
४	सिँचाइ पाइप	समाज परिवर्तन हामफाल टोल कृषक समुह	७५	१६०० m 25mm र ३२०० m 20mm	२९५
५	सिँचाइ पाइप र हिल टंकी	मनकामना कृषक समुह	७५	१९५०m 32mm र हिल टंकी १३ वटा	२८८
६	उन्नत जातको मकैको विउ	९५० कृषक घरधुरी	५०	५००० kg	३००
७	तरकारी वालीका उन्नत तथा हाइब्रिड विउ	४२५ कृषक घरधुरी	१००	बन्दा ६kg सिमि २४kg धनिया ४.५kg	३००
८	रोग किरा ब्यवस्थापन गर्ने विषादी	२५५ कृषक घरधुरी	१००	ढुसिनासक ४२० प्याकेट किटनासक २९५ वोतल	१५०
९	मिनिटिलर	७ वटा फाम	५०	८ वटा	४७९
जम्मा					३३७३

१८ **अनुगमन भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४)ख(५) मा उपाध्यक्षको संयोजकत्वमा अनुगमन समिति रहने व्यवस्था छ। स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७६ को दफा १४ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने व्यवस्था छ। पालिकाले कार्यान्वियन गरेका विभिन्न योजनाको अनुगमनका लागि पालिका अध्यक्ष, वडाअध्यक्ष, कर्मचारी र अनुगमन समितिका सदस्य सहित ३२ जना सम्मले अनुगमन गरेवापत रु.१२२७००० भुक्तानी गरेको देखिन्छ। ऐनमा स्थानीय पदाधिकारी तथा सदस्यले अनुगमन वापत भत्ता पाउने व्यवस्था नरहेको तथा कर्मचारीलाई समेत अनुगमन भत्ता वितरण गर्ने कानुनी व्यवस्था रहेको नदेखिएकोले यसरी गरेको खर्च नियमसम्मत देखिदैन।

१९ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विपत व्यवस्थापन समितिको निर्यणको आधारमा प्राकृतिक प्रकोप परेका विभिन्न १९ जना व्यक्तिलाई रु.१५ हजार देखी २५ हजार सम्म रु.३ लाख ६५ हजार र तोक आदेशको आधारमा रु.४९ हजार समेत रु.४ लाख १४ हजार आर्थिक सहायता वितरण गरेको छ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

२० **कर कट्टी**

सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १९ मा सार्बजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म,संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। आयकर ऐन,२०५८ को दफा ८८ मा सेवा शुल्क भुक्तानीमा कर बिजक पेश गरेमा १.५ प्रतिशत र बिजक पेश नगरेको भुक्तानीमा १५ प्रतिशत अग्रीम कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले सर्वोच्च अदालत र उच्च अदालतमा पालिकाको तर्फबाट बहस लगायतका कार्यको पारिश्रमिकको विल भरपाई पेश गरेकोमा मू.अकर वेगरको विल २८७००० र विल वेगरको एउटा निवेदनको आधारमा रु.२५३००० समेत रु.५४०००० प्रेम प्रकाश के.सी.लाई भुक्तानी गरेकोमा नियमानुसार कर कट्टी गरेको नदेखिएकोले असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	८१,०००

२१ **प्रधानमन्त्री रोजगार कार्यक्रम/रोजगार सृजना**

स्थानीय तहमा सूचीकृत बेरोजगार ब्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवमं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रमलाई ब्यवस्थित रुपमा सञ्चालन गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ कार्यान्वियनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ७ वडामा १५ योजना सञ्चालन गरी यस वर्ष ८१ जनालाई औषत ९३ दिनले ७५०८ दिन रोजगारी उपलब्ध गराई रु. ५०१५३४४ खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिदैन। कार्यक्रममा दोहोरो नहुने गरी योजना छनौट गरी निर्देशिकाले तोकेको दिनभन्दा कम नहुने गरी कार्यान्वियन गर्नुपर्छ।

२२ **लेखा सम्बन्धी तालिम संचालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तबरले गर्नुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यक्रम संचालनको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्विकृत भएको हुनुपर्ने र कार्यक्रम सम्पन्न भईसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्विकृत गराउनुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयका लेखापाल र प्र.अ.लाई लेखासम्बन्धी तालीम सञ्चालनको लागि बि.एण्ड.पी.ईन्जिनियरिङ सोलुसुन प्रा.लि.लाई रु.५६१००० भुक्तानी दिएकोमा निश्चित नर्मस विना लागत अनुमान तयार गरेको, अग्रीम रुपमा कार्यक्रम स्वीकृत नगरेको, कार्यक्रम सम्पन्न भईसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरेको नदेखिएकोले कानून अनुसार कार्यक्रम स्वीकृत गरी कार्यान्वियन गर्नुपर्दछ।

२३ **पालिका करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी

सृजना गर्न नसकिने व्यवस्था रहेको छ।पालिकाले सुचना प्रविधि अधिकृत, ईन्जिनियर, अ.स.ई, ना.प्रा.स.कृषि पाँचौ, ना.प.स्वाप्रा., कम्प्युटर अपरेटर, अनमी, अहेव, हेअ, ल्याब टेक्निसियन, सब इन्जिनियर, खेलकुद प्रशिक्षक, सवारी चालक, कार्यालय सहयोगी लगायत विभिन्न पदमा ८९ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु १ करोड ८१ लाख ६८ हजार खर्च लेखेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना स्वीकृत दरवन्दी बेगर ल्याब असिष्टेन-१, सामाजिक परिचालक-१ खेलकुद प्रशिक्षक-१, डोर हाजिरबाट अनमि-१ समेत ४ जना करारमा नियुक्ती गरी यस वर्ष तलब भत्ता बापत रु१५ लाख ९७ हजार भुक्तानी गरेको छ। पालिकाले उक्त पदहरुमा विगत वर्ष देखी कार्यरत रहेको जनाएको छ। यसरी स्वीकृत दरबन्दी वेगरको पदमा करारमा नियुक्ति गरी तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१५,९७,४१४

२४ **अन्य कार्यालयको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरका देहायका कार्यालयलाई गरेको खर्च निमयसम्पत देखिदैन।

गो.भौ.नं. र मिति	विवरण	कार्यालय	रकम
६४८-२०८२।३।१८	इन्धन तथा कार्यालय सञ्चालन	ईलाका प्रहरी कार्यालय,जिनाबाङ	१७८००
६७२-२०८२।३।१९	सवारी साधन मर्मत	ईलाका प्रहरी कार्यालय,घर्तिगाउँ	१५००००
३९-२०८१।८।१८	सिमेन्टको विल पेश	सशस्त्र प्रहरी बल,नेपाल आश्रित गुल्म	४९०००
९१-२०८१।९।२८	विविध	ईलाका प्रहरी कार्यालय,जिनाबाङ	२५०००
२३०-२०८१।१२।७	मर्मत तथा विविध		२००००
४२०-२०८२।२।२०	विविध	प्रहरी चौकी पाखापानी	७४५०
जम्मा			२६९२५०

अनियमित भएको	२,६९,२५०

२५ **बीमा तथा नवीकरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तबरले गर्नुपर्ने व्यवस्था छ। पालिकाले २५ वटा सवारी साधनको विमा तथा नविकरण वापत रु.४७०००० खर्च गरेकोमा जरिवाना स्वरुप रु. ९२७०० भुक्तानी गरेको देखिएकोले जरिवना तिर्ने गरी गरेको खर्च नियमसम्मत देखिदैन।

अनियमित भएको	९२,७००

२६ **फरक शीर्षकमा खर्च**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९(१) कार्यालय प्रमुखले बजेट खर्च गर्दा बजेट कार्यक्रमको सीमाभित्र रही गर्नुपर्ने व्यवस्था छ। त्यस्तै एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (संशोधन) मा

कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले शीर्षक फरक पारी देहाय अनुसार खर्च गरेको नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं. र मिति	खर्च लेखाङ्कन	खर्चको विवरण	रकम रु
७७६-२०८२।३।२५	अन्य कार्यालय सञ्चालन खर्च	डोर हाजिरीका आधारमा भुक्तानी	१४६१२
७६१-२०८२।३।१४		सवारी साधन भाडा	५००००
७६२-२०८२।३।२४			३२०००
४१३-२०८२।२।२९	सवारी मर्मत औजार भाडा	घरभाडा भुक्तानी	३१४०००
विभिन्न	अन्य कार्यासञ्चालन खर्च	फिल्ड भत्ता	४३८३३३
जम्मा			८४८९४५

अनियमित भएको	८,४८,९४५

२७ **गाउँसभा बैठक भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **८,०७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **५,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **७,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **५,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **४,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **८,०७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **७,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **७,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **७,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **२,९७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२५** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२५** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२८ **विभिन्न कार्यक्रम खर्च**

लुम्बिनी प्रदेश सरकारबाट जारी सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका,२०७९ को अनुसूची ५ मा कार्यक्रम सञ्चलन गर्दाको खर्च सीमा व्यवस्था छ। पालिका मातहतका निम्नानुसारका कार्यक्रमहरु संचालन गरे वापत रु.१७३७०३० भुक्तानी गरेकोमा भत्ता स्वरुप रु.४५०७०० वितरण गरेको देखिन्छ। कार्यक्रम सञ्चालन गर्दा कानूनले तोकेभन्दा बढी तथा कार्यक्रमसँग प्रत्यक्ष सम्बन्धित नभएका कर्मचारी र पदाधिकारीलाई समेत भत्ता दिएको देखिन्छ। कार्यक्रम सञ्चालन गर्दा निर्देशिकाले तोकेको सीमाभित्र रही खर्च गर्नुपर्दछ।

गो.भौ.नं. र मिति	कार्यक्रमको नाम	विवरण	भत्ता बुझ्ने कर्मचारी वा पदाधिकारी	भुक्तानी
५६१-२०८२।३।११	स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन	कार्यक्रममा सहभागी तथा अनुगमन भत्ता	२० जनालाई रु.१५०० का दरले रु.३०००० भत्ता वितरण र अन्य खाजा तथा कार्यक्रम संचालनका टुक्रे विल विजक	३९५९५०
६६७-२०८२।३।१९	रेफ्रि उत्पादनका लागि पालिका स्तरमा भलिवल र एथलेटिक्स तालिम सञ्चालन	उद्घाटन र समापन कार्यक्रममा सहभागी भत्ता	२७ जनालाई रु.१५०० का दरले रु.४०५०० भत्ता वितरण र अन्य खाजा तथा कार्यक्रम सञ्चालनका विल भरपाई	४९९०००
२३९-२०८१।१२।९	६० औ राष्ट्रिय वाल दिवसमा सञ्चालन कार्यक्रम	कार्यक्रममा सहभागि तथा अनुगमन भत्ता	२४ जना अध्यक्ष सहित कर्मचारीहरुलाई रु.१५०० का दरले रु.३६००० भत्ता वितरण र अन्य खाजा तथा कार्यक्रमका विल भरपाई	८५२००
२०६-२०८१।१२।५	नारी दिवस कार्यक्रम	कार्यक्रममा सहभागी भत्ता	नारी दिवस कार्यक्रम उपस्थितलाई भत्ता रु.४३२०० र अन्य खाजा तथा कार्यक्रमको विल भरपाई	१३९०२०
४२३-२०८२।२।२०	लैङ्गिक हिंसा विरुद्धको १६ दिने कार्यक्रम	कार्यक्रममा सहभागि तथा अनुगमन	अध्यक्ष सहित उपस्थित कर्मचारीहरुलाई भत्ता रु.४८००० र अन्य खाजा तथा कार्यक्रमको विल भरपाइ	१०२८००
३२१-२०८१।१२।११	उपभोक्ता समितिलाई तालिम सञ्चालन	कार्यक्रममा सहभागि तथा अनुगमन भत्ता	अध्यक्ष,उपाध्यक्ष,वडाअध्यक्ष सहिति विभिन्न तहका कर्मचारीहरु ४५ जनालाई रु.१५०० का दरले रु.१९६०००।भत्ता वितरण र अन्य विल भरपाई	३८१३९०
४७९-२०८२।२।३१	७ औं राष्ट्रिय महिला अधिकार दिवस	कार्यक्रममा सहभागि भत्त	अध्यक्ष सहित उपस्थित कर्मचारीहरु ३८ जनालाई रु.१५०० कार दरले रु.५७००० भत्ता वितरण र अन्य विल भरपाई	१३३६७०
जम्मा				१७३७०३०

२९ **विज्ञापन बोर्ड**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(ख) र विज्ञापन (नियमन गर्ने) नियमावली, २077 को नियम ६(क) मा सरकारी निकायले विज्ञापन वा सुचना प्रकाशन तथा प्रशारण वापतको त्यस्तो एजेन्सीले जारी गरेको विल बमोजिमको रकम भुक्तानी गर्दा भुक्तानी रकमको ३ प्रतिशत कट्टी गरी वोर्डको कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले निम्नानुसार भुक्तानीमा 3 प्रतिशत रकम कट्टी नगरी भुक्तानी गरेको देखिएकोले बोर्डको कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

गो.भौ.नं. र मिति	भुक्तानी पाउने	स्थायी लेखा नम्बनर	भुक्तानी रकम	३ प्रतिशत रकम
विभिन्न	पोष्टपाटी मिडिया प्रा.लि.	६०६६६२३३६	३८३७५	११५२
	सन्ध्या फल्म्स एण्ड मिडिया प्रा.लि.	६०६७४०८८७	९८४००	२९५२
	रंगशाला नेपाल मिडिया प्रा.लि.	६०४२६८३४९	७८३००	२३४९
जम्मा			२१५०७५	६४५३

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२५** को निर्णयले रू **५,९३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२५** को निर्णयले रू **१,९९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२५** को निर्णयले रू **३,०५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	६,४५३

३० **राजश्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न वाँकि रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न गराउन सक्ने व्यवस्था छ। कृषि उपज व्यवसायी कारोवार वापतको कर रकम संकलक एकराज के.सी.बाट रसिद नं.३५१ देखी ४०० र रसीद नं. २०१ देखि २४३ सम्मको २ वटा ठेलीको रसिदबाट रु.२९१६१० दाखिला हुनुपर्नेमा रु.७८६८५ मात्र दाखिला गरेको देखिएकोले दाखिला गर्न बाँकी रु.२१२९२५ मा १० प्रतिशत जरिवाना थप गरी असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,३४,२१७

३१ **पदाधिकारीको सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन,२०७६ को दफा १३ मा यस ऐनले पदाधिकारी तथा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा आफ्नो स्रोत तथा क्षमताका आधारमा सम्बन्धीत स्थानीय तहले निर्णय गरी सुविधा घटाउन सक्नेछ भन्ने व्यवस्था छ। पालिका पदाधिकारी तथा सदस्यलाई यस वर्ष सुविधा तर्फ रु. ७५ लाख ६० हजार भुक्तानी भएको छ। आन्तरिक आय तर्फ रु. ३६ लाख ३० हजार प्राप्त भएको देखिन्छ। आन्तरिक आयको तुलनामा सुविधा भुक्तानी २०८.२६ प्रतिशत भएको देखिन्छ। पालिकाले पदाधिकारी तथा सदस्यहरुलाई सुविधा निर्धारण गर्दा पालिकाको आन्तरिक आय र क्षमतालाई आधार मानी गर्नु पर्दछ।

क्र सं	विवरण	प्रमुख अध्यक्ष	उप प्रमुख उपाध्यक्ष	वडा अध्यक्ष	कार्यपालिका सदस्य	सभाका सदस्य	जम्मा
१	यातायात खर्च	०	१४४०००	८४००००	४३२०००	६८४०००	२२८००००
२	टेलिफोन, मोबाइल	४२०००	३६०००	२५२०००	२१६०००	७२००००	१२६६०००
३	पुस्तक, पत्रिका, इन्टरनेट	४८०००	४८०००	२५२०००	२१६०००	५७६०००	११४००००
४	समन्वय तथा सहजीकरण	१२००००	९६०००	५०४०००	३६००००	८६४०००	१९४४०००
५	अतिथि सत्कार	७२०००	६००००	३३६०००	०	०	४६८०००
६	खानेपानी/बिजुली/सरसफाई	६००००	६००००	०	०	०	१२००००
७	चाडपर्व खर्च	१५०००	१५०००	८४०००	६००००	१६८०००	३४२०००
	जम्मा	३५७०००	४५९०००	२२६८०००	१२८४०००	३०१२०००	७५६००००

३२ **शिक्षा तर्फ**

३२.१ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

क्र.सं.	विद्यालयको तह	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये		रिक्त दरबन्दी
				राहत	करार	
१	प्राथामिक तह(१-५)	७०	७०	१७	४	०
२	निम्नमाध्यमित तह(६-८)	१२	११	७	०	१
३	माध्यामिक तह(९-१०)	५	५	६	०	०
४	माध्यामिक तह(११-१२)	६	६	०	०	०
जम्मा		९३	९२	३०	४	१

उल्लिखित विवरण अनुसार पालिकामा जम्मा ९३ स्वीकृत दरबन्दी रहेकोमा ५८ स्थायी पदपूर्ति र ३४ राहत/ करारमा नियुक्ति गरी जम्मा ९२ पदपूर्ति गरेको देखिन्छ र १ पद रिक्त रहेका छन्। पालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर प्रभावकारी बनाउन स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ।

३२.२ **शिक्षक विद्यार्थी अनुपात** – शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा समग्र पालिका अन्तर्गत ३९ सामुदायिक विद्यालयमा २८१ जना शिक्षक र विद्यार्थी रहेकोमा समग्रमा औषत शिक्षक विद्यार्थी अनुपात १:२७ रहेको छ। यसरी हेर्दा पालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:४५ भन्दा माथि हुने विद्यालय रहेका छैनन् भने शिक्षक विद्यार्थी अनुपात १:२५ भन्दा कम हुने विद्यालय १८ र २५ देखि ४० अनुपात हुने विद्यालय २१ रहेका छन् :-

क्र.स.	विद्यालयको नाम र ठेगाना	शिक्षक सङ्ख्या	विद्यार्थी सङ्ख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री बिरेन्द्र मा. वि. नाउली	१७	३३०	१:१९
२	श्री जीवनज्योती मा. वि. देउल्टाकुरा	१३	५२१	१:४०
३	श्री ने रा मा. वि. सिमखोला	१३	३६४	१:२८
४	श्रीसिद्धार्थ मा.वि. घोप्टेओडार	१३	४८९	१:३७
५	श्रीबुद्धिविकास मा. वि. रातामाटा	२२	५६२	१:२५
६	श्रीपृथ्वीनारायण मा. वि. जायाचौर	११	४७८	१:४३
७	श्री गंगामा. वि. चौताराडाँडा	१३	४२०	२:३२
८	श्रीराष्ट्रिय मा. वि. ओत	१४	४१२	१:२९
९	श्रीसरस्वती मा. वि. बल्लेपोखरी	१३	२६८	१:१९
१०	श्रीसरस्वती मा.वि. म्वालेखला	१३	३७७	१:२९
११	श्री ने राआ वि रातामाटा	७	१७७	१:२५
१२	श्रीजनताविकास आ वि सुपाटोट्के	९	२८९	१:३२
१३	श्री गणेशआ वि बडाढुङ्गा	६	१२५	१:२०
1४	श्रीसिद्धार्थ आ वि ओइलाम	८	२८०	१:३५
१५	श्रीबालबोध आ वि झाक्रीसल्ला	८	२०२	१:२५
१६	श्री सिद्ध आ वि बसारेचौर	८	२८०	१:३५
१७	श्री कृष्णआ वि घरबिर	८	९४	१:११
१८	भगवती आ विकुकुरगारे	७	९९	१:१४
१९	श्री जनताआ वि बिवाङ्चौर	८	२१२	१:२६
२०	श्री सिद्धप्रा वि रहमाई	४	६१	१:१५
२१	श्रीवागेश्वरी प्रा वि गौरीडाँडा	४	५९	१:१४
२२	श्री ने राप्रा वि लाखुरीचौर	४	१२६	२:३१
२३	श्रीजनचेतना प्रा वि लोदचौर	४	७९	१:१९
२४	श्रीअमरसत्य प्रा वि	५	१२४	१:२४
२५	श्रीबालकल्याण प्रा वि हिलेचौर	२	४१	१:२०
२६	श्रीगुराँसेतारा प्रा वि आरुचौर	३	५७	१:१९
२७	श्री जनताप्रा वि उन्नेचौर	३	८२	१:२७
२८	श्री जनप्रेम आ वि सल्लीचौर	८	२६९	१:३३
२९	श्री लोककल्याण प्रा वि चामी	१	१७	१:१७
३०	श्रीसिद्धेश्वरी प्रा वि घरेलीडाँडा	४	६९	१:१७

३१	श्रीजनविकास प्राविं नेटापरी	५	१३०	१:२९
३२	श्रीलोकतन्त्र प्रा वि सातडाँडा	४	१११	१:२७
३३	श्री दशरथविन्दु प्रा वि डाँडागाउ	५	१८०	१:३६
३४	श्रीइन्द्रसेवक प्रा वि पङ्हाले	५	९६	१:१९
३५	श्रीप्रगतिशिल प्रा वि घोप्टेओढार	१	१२	१:१२
३६	श्रीजनचेतना प्रा वि बडामेला	२	२४	१:१२
३७	श्रीज्ञानकुञ्ज प्रा वि गुराँसेडाडा	२	४७	१:२३
३८	श्रीब्रमासिद्ध प्रा वि आरुखोला	३	८५	१:२८
३९	श्री सहिदखगेन्द्र जन प्रा.वि.झ्याम	१	१३	१:१३
जम्मा		२८१	७६६१	१:२७

उल्लिखित विवरण अनुसार पालिकामा ३९ विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:४५ भन्दा कम देखिन्छ।सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोकेबमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरेता पनि पूर्ण रुपमा कार्यान्वयन गरेको देखिएन।

सोधभर्ना नलिएको

३२.३ **शिक्षकको तलब भत्ता अनुदान** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलबभत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। कार्यक्रम कार्यान्वयन कार्यविधिमा स्थानीय तहले कार्यरत शिक्षकको तलवभत्ता निर्धारण गर्दा केन्द्रको चलानी नं.१८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेभसाइटमा प्रकाशित विवरण अनुसार यकिन भएको दरबन्दीलाई शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ अनुसार दरवन्दी मिलान र व्यवस्थापन कार्य अध्यावधिक गरी दरवन्दी मिलानबाट कायम भएको दरबन्दी शिक्षक अनुदान कोटा राहत र प्राविधिकधार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरूका लागि विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ। स्थानीय तहले कार्यान्वयन कार्यविधिले तोके अनुसार दरवन्दी मिलान र व्यवस्थापन गरेको शिक्षक कर्मचारीको नियमानुसार पाउने तलवमान हिसाव गर्दा तलव भत्ता नपुग भएमा अनुसूची-१ बमोजिमको फाराम भरी २०८१ माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गर्दा अप्रयाप्त हुने देखिएमा सिफारिस साथ २०८१ फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र पठाई निकाशा भए बमोजिम अनुदान दिनुपर्ने व्यवस्था कार्यान्वयन कार्यविधिले गरेकोमा यस स्थानीयतहका लागि स्वीकृत दरवन्दी, शिक्षक अनुदान कोटा (राहत) र प्राविधिक धारतर्फका शिक्षक प्रशिक्षार्थीका लागि शसर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीय तहले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरवन्दी यकिन नगरी शसर्त अनुदानका अतिरिक्त पालिका अन्तर्गतका विद्यालयलाई वित्तीय समानिकरण अनुदानबाट शिक्षक तलव भत्ताका लागि रु.२,२५,४२,०००। उपलब्ध गराएको देखियो। शिक्षक विद्यार्थी अनुपातको आधारमा दरबन्दी मिलान नगरी यस्तो खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

३२.४ **निशुल्क पाठ्यपुस्तक** – कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा सामुदायिक विद्यालयको कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीका लागि आर्थिक वर्षको प्रथम त्रैमासिक र कक्षा १-१० का लागि शैक्षिक सत्र सुरु हुनुभन्दा ३ महिना अगावै विद्यार्थी सङ्ख्याको आधारमा ७५ प्रतिशत अनुदान दिने र नयाँ शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरणको भरपाइको आधारमा यकिन गरी नपुग रकम दोस्रो पटक २५ प्रतिशत थप अनुदान दिने व्यवस्था छ। जसमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित यकिन भएका विद्यार्थी सङ्ख्याका

लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले पालिकाभित्र रहेका ३९ सामुदायिक विद्यालयहरुलाई नि:शुल्क पाठ्यपुस्तक खरिदका लागि गोश्वारा भौचर नं. ८०।२०८१।१२।११ बाट पहिलो किस्ता ३११४१५९ र १६४।२०८२।०३।१० बाट दोस्रो किस्ता रु. १२०४१४७ गरी जम्मा रु.४३१८३०६ भुक्तानी दिएको छ। पालिका भित्र संचालित ३९ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि पाठ्यक्रम विकास केन्द्रको दररेटमा उल्लेखित प्रति विद्यार्थी र प्रति कक्षाको आधारमा पाठ्यपुस्तक वापतको अनुदान रकम भुक्तानी भएकोमा पाठ्यपुस्तक खरिद गरेको विल र वितरण गरेको भरपाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	४३,१८,३०६

३२.५ **छात्रवृत्ती अनुदान** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.७.२.१.१ को उपक्रियाकलाप नं ४.२ मा कक्षा १-५ सम्मका छात्रा र कक्षा १-५ का दलित विद्यार्थीहरुका लागि प्रति विद्यार्थी रु ४०० र कक्षा १-१२ का घरबाट विद्यालयसम्म आउन जान सक्ने अवस्थाका अपाङ्ग विद्यार्थीहरुका लागि प्रति विद्यार्थी रु १००० का दरले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई शिक्षा अधिकृतबाट प्रमाणित गरी विद्यार्थी संङ्ख्याका आधारमा विद्यालयहरुलाई अनुदान दिने र विद्यालयहरुले प्राप्त अनुदानबाट छात्रा, दलित र अपाङ्ग विद्यार्थीहरुका लागि छात्रवृत्ती वितरण गरी भरपाई पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले पालिकाभित्र रहेका ३९ सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि छात्रावृत्ती वितरण गर्नका लागि गोश्वारा भौचर नं.१०२,२०८२।२।१२ बाट रु.८,८८,८००। निकासा दिएको छ। आ.व.२०८०।८१ मा कक्षा १ देखि ८ सम्मका विद्यार्थीलाई दिन मिल्ने व्यवस्था भए अनुसार निकासा दिएको र सोही अनुसार विद्यालयले विद्यार्थीलाई दिएको भरपाइ पेश भएको देखिएकोले यस आर्थिक वर्षको कार्यविधि विपरीत वढी भुक्तानी दिएको रकम निमयसम्मत देखिदैन।

क्र स	विद्यालयको नाम र ठेगाना	भुक्तानी भएको रकम	भुक्तानी हुनुपर्ने रकम	असुल गर्नुपर्ने रकम	कैफियत
१	श्री बालबोध आ वि झाक्रीसल्ला	३२४००	२०४००	१२०००	
२	भगवती आ वि कुकुरगारे	१३६००	९६००	४०००	
३	श्री बिरेन्द्र मा. वि. नाउली	३७६००	२०८००	१६८००	
४	श्री बुद्धिविकास मा. वि. रातामाटा	४७२००	२१२००	२६०००	
५	श्री गणेश आ वि बडाढुङ्गा	१५२००	१२०००	३२००	
६	श्री गंगा मा. वि. चौताराडाँडा	५१६००	३४०००	१७६००	
७	श्री जनप्रेम आ वि सल्लीचौर	५०४००	३८०००	१२४००	
८	श्री जनता आ वि बिवाङ्चौर	३४४००	१८०००	१६४००	
९	श्री जनविकास प्रावि नेटापरी	३८४००	२३२००	१५२००	
१०	श्री जीवनज्योती मा. वि. देउल्टाकुरा	४८८००	२१२००	२७६००	
११	श्री कृष्ण आ वि घरबिर	१२४००	८०००	४४००	
१२	श्री ने.रा.मा.सिमखोला	४०४००	२७२००	१३२००	
१३	श्री पृथ्वीनारायण मा. वि. जायाचौर	४८८००	२१६००	२७२००	
१४	श्री राष्ट्रिय मा. वि. ओत	३९२००	२१२००	१८०००	
१५	श्री सरस्वती मा.वि.	४८४००	१८८००	२९६००	
१६	श्री सरस्वती मा.वि.	२९६००	२५४००	४२००	
१७	श्री ने रा आ वि रातामाटा	२१२००	१०८००	१०४००	
१८	श्री सिद्ध आ वि बसारेचौर	४५२००	३१२००	१४०००	
१९	श्रीसिद्धार्थ आ वि ओइलाम	२५६००	१८०००	७६००	
२०	श्री सिद्धार्थ मा.वि. घोप्टेओडार	४३२००	२४०००	१९२००	
जम्मा				२९९०००	

अनियमित भएको	२,९९,०००

३२.६ **सेनिटरी प्याड डिस्पोजल मेसिन खरिद -**

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१८१,८१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३२.७ (127-2082-02-20):
सेनिटरी प्याड –

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **६६,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३२.८ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर - कार्यक्रम कार्यान्वियन कार्यविधिमा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

(ख) निजि विद्यालय व्यवस्थापन - राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन। पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नुपर्दछ।

(ग) विद्यालयको लेखापरीक्षण - कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ। पालिका अन्तर्गत ३९ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण गराई प्रतिबेदन लिएको देखिएन। पालिकाबाट अनुदान जाने सम्पूर्ण विद्यालयहरुको समयमै लेखापरीक्षण गराई विद्यालयहरुमा वित्तीय अनुशासन कायम गर्नु गराउनु पर्दछ।

(घ) अनुगमन - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद-३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, वित्तीय अनुशासन कायम गर्ने सम्बन्धमा अनुगमन र नियमन गर्ने व्यवस्था छ। पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। ऐनमा भएको व्यवस्था अनुसार अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्दछ।

३२.९ **सार्वजनिकरण** - नेपालको संविधानको अनुसूची-८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दाबढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला,दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्नेमा सार्बजनिक गरेको देखिएन।

३३ **न्यानो झोला वितरण**

आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहहरुवाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्बन्धी मार्गदर्शनको मातृ तथा नवशिशु कार्यक्रमको कार्यक्रम नं.२ अन्तर्गत न्यानो झोला कार्यक्रमको लागि न्यानो झोलाको मापदण्ड निर्धारण गरेको छ। सोही वमोजिम तोकिएको गुणस्तरमा न्यानो झोला उपलब्ध गराउनु पर्दछ। पालिकाको वर्थिङ्ग सेन्टरमा २५२ जना सुत्केरी संख्या भएकोमा अघिल्लो आर्थिक वर्षमा १३७ न्यानो झोला बाँकी रहेको र यस आर्थिक वर्षमा पालिकाले ५५० न्यानो झोला खरिद गरेकोमा ४३५ बाँकी रहेको देखिन्छ। पालिकाले अभिलेख राखी आवश्यक परिमाणमा मात्र खरिद गरी कार्यविधिले तोके वमोजिमको गुणस्तरिय न्यानो झोला उपलब्ध गराउनुपर्दछ।

३४ **औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपुर्ति ब्यवस्थापन गर्नुपर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निशुःल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यस वर्ष पालिकाले संघीय सरकारबाट हस्तान्तरित सशर्त चालु बजेटबाट मुक्तिनाथ मेडिको फर्मासँग रु.११२५३९० को औषधी खरिद गरेको देखिन्छ। औषधीको प्रयोग, मौज्दात र म्याद सकिएको या सकिन लागेको देखिने गरी विवरण राखेको देखिएन। पालिकाले औषधी खरिद, उपयोग, मौज्दात र औषधीको म्यादको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

३५ **पदाधिकारी थप सुविधा**

३५.१ (७५७-2082-03-24):

यातायात खर्च - लुम्बिनी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६(संशोधनसहित) को दफा १४(२) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा पाउने छैन भन्ने व्यवस्था छ । ऐनमा तोकिएको सबै सुविधा बापतको रकम पालिकाले सबै पदाधिकारी तथा सदस्यलाई मासिक रुपमा उपलब्ध गराउँदै आएको देखिन्छ । उपाध्यक्ष अमृता कुमारी के.सी. ले योजना अनुगमन र कार्यालयको कामको सिलसिलामा खर्च भएको ईन्धन बापतको रकम भुक्तानी माग गरे अनुसार ईन्धन खर्च बापत रु. १३११०० भुक्तानी गरेको देखिएकोले ऐनमा व्यवस्था भएको भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	१,३१,१००

३५.२ **अध्यक्षलाई निवास खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले पालिका अध्यक्षको निवास खर्च स्वरुप विल भरपाई बेगर रु.१५०००० भुक्तानी गरेको देखिएकोले प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,५०,०००

३५.३ **निवास खर्च** - लुम्बिनी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६(संशोधनसहित) को दफा १४(२) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा पाउने छैन भन्ने व्यवस्था छ। पालिकाले गाउँपालिका अध्यक्ष र उपाध्यक्षको निबास खर्च वापत रु.८५०२२५ भुक्तानी गरेको देखिन्छ। ऐनमा पदाधिकारीलाई निवास खर्च वापतको सुविधा व्यवस्था भएको नदेखिएकोले ऐनले तोकेको भन्दा फरक शीर्षक निवास खर्चको रुपमा भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	८,५०,२२५

३६ उपभोक्ता समितिबाट कार्य

३६.१ **हेभि ईक्युपमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम ९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यत: डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छ।

क्र.सं.	योजना	निर्माण व्यवसायी	भौ.नं.	भुक्तानी रकम	बिजक नं.
१	घरेली तल्लो उदिनढुंगा चुकिले महानेटा मोटरबाटो	चन्द विल्डर्स	२२३।२०८२।०३।२४	३२०१७४३	११।२०८२।०३।१८
२	जायखोला मोटरबाटो	रिभिट निर्माण सेवा	१४९।२०८२।०३।१५	३२३५९२	००२।२०८२।०३।११
३	मावि सिमखोला फिल्ड निर्माण तथा घेरावार निर्माण	शंकर लक्ष्मी कन्स्ट्रक्सन प्रा.लि.	१४६।२०८२।०३।१५	४५५०४६	०९।२०८२।०३।०३
४	गुँरासेतारा फिल्ड, सडक तथा जाली निर्माण	चन्द विल्डर्स	११९।२०८२।०३।१२	१०१७२९५	९।२०८२।०२।०५
५	थारेघर चिरा धरमपानी मोटरबाटो	डि. दाजुभाई निर्माण सेवा	११६।२०८२।०३।१२	४६९०१५	५।२०८२।०२।२६
६	जापछहरा सुनारगाँउ मोटरबाटो निर्माण	सुनिल एण्ड विजय कन्स्ट्रक्सन प्रा.लि.	६१।२०८२।०२।२८	२१९३००	१३।२०८२।०१।२०
७	सुख्खा ओडारभन्दा बाहिरबाट मुख्य सडक जोड्ने बाटो निर्माण	LPG ईन्जिनियरीङ्ग एण्ड कन्स्ट्रक्सन	२२९।२०८२।०३।२४	१४३४१५६	०४७।२०८२।०३।२२
८	दाम्खु रिजाबाङ मोटरबाटो निर्माण तथा स्तरोन्नती	रिभिट निर्माण सेवा	२२७।२०८२।०३।२४	३१६३६७३	००३।२०८२।३।१२

३६.२ **आनुपातिक कट्टी**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले देहायका योजनामा उपभोक्ता समितिलाई भुक्तानी दिदा उपभोक्ताको अंशभन्दा बढी हुने गरी भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.

क्र.सं.	योजना	कार्य मूल्यांकन	उपभोक्ता समितिको योगदान	उ.स.को योगदान हुनुपर्ने	फरक रकम रु.
१	असौजेदेखि पिठानचौर च्यानडाँडा खानेपानी निर्माण	४१७०१४	३३०१४	४१७०१	८६८७
२	सुपाटोटके विद्यालय भवन निर्माण	८३००७४५	८००७४५	८३५०४९	३४३०४
जम्मा		८७१७७५९	८३३७५९	८७६७५०	४२९९१

असुल गर्नुपर्ने	४२,९९१

३६.३ **उपभोक्ताको योगदान-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। उपभोक्ता समितिसँग गरिएको सम्झौतामा उपभोक्ताको योगदान १० प्रतिशत हुने उल्लेख गरेकोमा देहायका योजनाको कार्य मूल्यांकन गर्दा उपभोक्ता समितिले हेभि ईक्युपमेन्ट प्रयोग गरेको बिल मात्र पेश गरेकोले उपभोक्ता समितिले गरेको योगदानको प्रमाण पेश गर्नुपर्दछ।

क्र.सं.	**योजना**	**कार्य मूल्यांकन**	**मेसिनको बिल रु.**	**उ.स.को योगदान हुनुपर्ने**
१	घरेली तल्लो उदिनढुंगा चुकिले महानेटा मोटरबाटो	३२००५२६	३२०१७४३	३२०५२६
२	दाम्खु रिजाबाङ मोटरबाटो निर्माण तथा स्तरोन्नती	३१६३६७४	३१६३६७३	३१६३६३
		६३६४२००	६३६५४१६	६३६८८९

प्रमाण पेश नगरेको	६,३६,८८९

३७ **अधुरो योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(११) मा काम सम्पन्न नभएका र म्याद थप नभएका वा उपनियम २ वा ३ बमोजिम म्याद थप हुन नसक्ने वा उपनियम १० बमोजिम म्याद थपको लागि निवेदन नपरेका वा त्यस्तो निवेदन परेकोमा सो उपर म्याद थप नभएको खरिद सम्झौताको हकमा खरिद सम्झौता अन्त्य गर्ने, कार्य सम्पादन जमानत तथा अन्य कुनै जमानत वा धरौटी राखेको भए सो समेत जफत गर्ने र त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी निजलाई प्रचलित कानुन बमोजिम कारबाही गर्ने समेतको निर्णय सम्बन्धित अधिकारीले गर्नुपर्ने व्यवस्था छ। लाखुरीचौर चिसापानी उपल्लो जाय राँकडाँडा ताप्ला मोटरबाटो निर्माणको लागि रु.८६५७५१५ कबोल रकममा सुनिल एण्ड बिजय कन्स्ट्रक्सन प्रा.लि.सँग २०८२।०३।२० सम्ममा सक्ने गरी सम्झौता भएकोमा ५६ प्रतिशत भौतिक प्रगती भएको देखिन्छ। निर्माण व्यवसायीले २०८२।०२।२९ मा म्याद थपको लागि निवेदन दिएको भएतापनि कार्यालयले यस सम्बन्धमा कुनै निर्णय गरेको देखिएन। खरिद सम्झौता बमोजिम योजना सम्पन्न गर्नको लागि जिम्मेवार कर्मचारी तथा पदाधिकारीले आवश्यक कार्य गर्नुपर्दछ ।

३८ **मर्मत कार्यको प्राविधिक मूल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ।पालिकाले देहायका सामाग्रीहरु खरिद गरी भुक्तानी गरेकोमा स्टोरमा सामान बाँकी नदेखिएको र कार्य भएको देखिने प्राविधिक मूल्याङ्कन पेश गरेको नदेखिएकोले काम भएको प्रमाण पेश गर्नुपर्ने रु

क्र.सं.	सामानको विवरण	आपूर्तिकर्ता	भौ.नं./मिति	रकम रु.
१	४ नं. वडामा सिसिटीभी जडान	न्यू ल्यापटप हस्पिटल	३।२०८१।११।०२	४९२२४५
२	ग्याबीन जाली खरिद	एस एम डिजिटल पार्क	२१२।२०८२।३।२४	९७६९७०
३	HDPE PN16 20mm पाईप	सुनिल ट्रेडर्स	२१५।२०८२।३।२४	७८०७१
४	खानेपानी पम्पसेट	बि जि सप्लायर्स	२१७।२०८२।३।२४	२४८९४९
				१७९६२३५

प्रमाण पेश नगरेको	१७,९६,२३५

३९ **स्पेशिफिकेशन अनुसार कार्य नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ। उपभोक्ता समिति मार्फत कार्यान्वयन भएका देहायका योजनामा कार्यालयले स्विकृत गरेको स्पेसिफिकेशनमा भएका महत्वपूर्ण आईटममा स्पेसिफिकेशनमा तोकिएको भन्दा फरक रुपमा कार्य भएको देखिन्छ। प्राविधिकले नियमित अनुगमन गरी स्पेसिफिशेसन अनुसार कार्य गराउनुपर्दछ।

क्र.सं.	**योजना**	**कामको विवरण**	**स्पेसिफिकेशनमा भएको**	**वास्तविक कार्य भएको**
१	पृथ्वीनारायण मा.वि. भवन निर्माण	पिलरको हाईट	२.८५ मि.	२.७२ मि.
२		पिसिसिको मोटाई	७.५ सेमि	१० सेमि
३	सिद्धार्थ मा. वि. भवन निर्माण	पार्टेसन वाल	९ ईन्च	४ ईन्च

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : गंगादेव गाउँपालिका, रोल्पा , सुकिदह गाउँपालिका , रोल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	शालिकराम बस्नेत	२०७७-१०-६	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	दुर्गबहादुर ओली	२०८०-८-२०	२०८१-६-२३
कार्यालय प्रमुख	त्रिविक्रम खड्का	२०८१-८-२	२०८१-१२-११
लेखा प्रमुख	प्रेम खत्री	२०७८-९-२७	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
६९१,१८३	३,९५७,५३४	७,१६७,२३८	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	११,८१५,९५५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	४६१,२३०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	११,३५४,७२५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५५९८५४८२.४४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२९४५९५६००	चालु खर्च	२९०९७३२५५.४
प्रदेश सरकारबाट अनुदान	२०१३६०००	पूँजीगत खर्च	१०७४९०७४७
राजश्व बाँडफाँट	८७५७७३४८.६७	वित्तीय/अन्य व्यवस्था	११८५७२९०७.६९
आन्तरिक आय	३६३०३२१.०		
अन्य आय	९११९१५७८.४२		
कुल आय	४९७१३०८४८.०९	कुल खर्च	५१७०३६९१०.०९
बाँकी मौज्दात		३६०७९४२०.४४	

अनुसूची - २

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		८,८३,००,६९४.१७	०.००	८,८३,००,६९४.१७	७,८०,४८,०३१.५१	०.००	७,८०,४८,०३१.५१
१३०००	अनुदान		२८,४४,१४,१४१.६८	०.००	२८,४४,१४,१४१.६८	२८,९६,४०,७५१.००	०.००	२८,९६,४०,७५१.००
१४०००	अन्य राजस्व		२७,१४,७८२.७८	०.००	२७,१४,७८२.७८	१८,५०,१७७.४४	०.००	१८,५०,१७७.४४
१५०००	विविध प्राप्ति		१,९२,१९२.७७	०.००	१,९२,१९२.७७	२,६९,८००.००	०.००	२,६९,८००.००
क	कुल जम्मा प्राप्ति		३७,५६,२१,८११.४०		३७,५६,२१,८११.४०	३६,९८,०८,७५९.९५		३६,९८,०८,७५९.९५
३	चालु		२९,०९,७३,२५५.४०	०.००	२९,०९,७३,२५५.४०	२७,७९,५०,१४९.०२	०.००	२७,७९,५०,१४९.०२
२१०००	पारिश्रमिक / सुविधा		१३,९८,६५,९११.४०	०.००	१३,९८,६५,९११.४०	१२,३०,५३,६७४.०२	०.००	१२,३०,५३,६७४.०२
२२०००	मालसामान तथा सेवाको उपयोग		११,७८,६२,६७५.००	०.००	११,७८,६२,६७५.००	१२,०७,४८,५४९.००	०.००	१२,०७,४८,५४९.००
२५०००	सहायता (Subsidy)		२,६६,१८,७८३.००	०.००	२,६६,१८,७८३.००	२,८०,५५,३६७.००	०.००	२,८०,५५,३६७.००
२७०००	सामाजिक सुरक्षा		३१,३८,९३६.००	०.००	३१,३८,९३६.००	३८,९३,६५९.००	०.००	३८,९३,६५९.००
२८०००	अन्य खर्च		३४,८६,९५०.००	०.००	३४,८६,९५०.००	२१,९८,९००.००	०.००	२१,९८,९००.००
४	पुँजीगत		१०,७४,९०,७४७.००	०.००	१०,७४,९०,७४७.००	८,६५,९०,२६१.००	०.००	८,६५,९०,२६१.००
३१११०	भवन तथा संरचना		१,९०,६१,३२०.००	०.००	१,९०,६१,३२०.००	४९,४०,०००.००	०.००	४९,४०,०००.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		७१,२२,३०५.००	०.००	७१,२२,३०५.००	१८,८३,३६९.००	०.००	१८,८३,३६९.००
३११३०	अन्य पुँजीगत खर्च		१,८०,०००.००	०.००	१,८०,०००.००	१,०७,७९,३५०.००	०.००	१,०७,७९,३५०.००
३११५०	सार्वजनिक निर्माण		८,११,२७,१२२.००	०.००	८,११,२७,१२२.००	६,६६,०५,५४२.००	०.००	६,६६,०५,५४२.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		०.००	०.००	०.००	२३,८२,०००.००	०.००	२३,८२,०००.००
ख)	कुल जम्मा भुक्तानी		३९,८४,६४,००२.४०		३९,८४,६४,००२.४०	३६,४५,४०,४१०.०२		३६,४५,४०,४१०.०२
ग)	बचत /कमी (ग = क-ख)		(२,२८,४२,१९१.००)		(२,२८,४२,१९१.००)	५२,६८,३४९.९३		५२,६८,३४९.९३
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		२९,३६,१२९.००		२९,३६,१२९.००	२६,४६,७७०.००		२६,४६,७७०.००
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी					१६.००		१६.००

ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(१,९९,०६,०६२.००)		(१,९९,०६,०६२.००)	७९,१५,११९.९३		७९,१५,११९.९३
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		५,५९,८५,४८२.४४		५,५९,८५,४८२.४४	४,८०,७०,३७८.५१		४,८०,७०,३७८.५१
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		३,६०,७९,४२०.४४		३,६०,७९,४२०.४४	५,५९,८५,४९८.४४		५,५९,८५,४९८.४४

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।